त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
AFFILIATED TO TRIBHUVAN UNIVERSITY
सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
सुन्दरहरैंचा नगरपालिका, मोरङ, कोशी प्रदेश, नेपाल
SUNDARHARAINCHA MUNICIPALITY, MORANG, KOSHI PROVINCE, NEPAL
स्था. २०४८ (ESTD. 1992)
विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०७२)
Accredited by University Grants Commission (UGC) Nepal (2015)

चलानी नम्बर:
(Ref No.):

मितिः २०८०/०४/०८ गते ।

**विषयः लघु अनुसन्धानको प्रस्तावना (Proposal for Mini-research) पेस गर्ने सम्बन्धमा ।**

(सम्पूर्ण शिक्षक तथा कर्मचारी वर्ग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।)

प्रस्तुत विषयमा यस क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले यस आ.व. २०८०/०८१ मा पाँचवटा लघुअनुसन्धान (Mini-research) गर्ने/गराउने कार्यक्रम रहेकाले अनुसन्धान गर्न इच्छुक यस क्याम्पसका शिक्षक तथा कर्मचारीहरूले मिति २०८०/०५/०१५ गते शुक्रबार अपरान्ह ५:०० बजे भित्रमा प्रस्तावना पेश गर्नुहुन यो सूचना जारी गरिएको छ । अनुसन्धानको प्रस्तावकहरूका लागि देहायका नियमहरूको जानकारी गराइन्छ ।

१. अनुसन्धानकर्ताले यस क्याम्पसको "अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८" ले तोकेका नियमहरू पालना गर्नुपर्नेछ । उक्त निर्देशिका सबै शिक्षक तथा कर्मचारीहरूको व्यक्तिगत इमेलमा पठाइएको छ साथै क्याम्पसको वेवसाइट www.sukuna.edu.np बाट पनि डाउनलोड गर्न सक्नु हुनेछ ।
२. भाखा नाघि आएका प्रस्तावनाहरूको मूल्याङ्याङ्कन गरिने छैन ।
३. तोकिएको म्याद भित्रमा प्रस्तावकले आफ्नो प्रस्तावनाको इकपी अनुसन्धान व्यवस्थापन एकाइको इमेल rmcsukuna1@gmail.com मा पठाउनु पर्नेछ र एक प्रति हार्डकपी एकाइमा पेस गर्नु पर्नेछ ।
४. तोकिएको ढाँचामा प्रस्तावकहरूले प्रस्तावना तयार गरी पेस गर्नु पर्नेछ । प्रस्तावनाको ढाँचा यसै पत्रसाथ सबै शिक्षक तथा कर्मचारीको व्यक्तिगत इमेलमा पठाइएको छ । उक्त ढाँचा क्याम्पसको वेवसाइट www.sukuna.edu.np बाट पनि डाउनलोड गर्न सक्नु हुनेछ ।
५. प्रस्तावकले APA Publication Manual 7th edition 2020 को ढाचाँ प्रयोग गरी प्रस्तावना तयार गर्नु पर्नेछ । उक्त Publication Manual मिति २०८०/०४/०४ गतेका दिन प्रत्येक शिक्षक तथा कर्मचारीहरूलाई इमेल गरी पठाइएको छ साथै क्याम्पसको वेवसाइट www.sukuna.edu.np बाट पनि डाउनलोड गर्न सक्नु हुनेछ । ।
६. पेस हुन आएका प्रस्तावनाहरू "अनुसन्धान व्यवस्थापन एकाइ कार्यक्रम निर्देशिका २०७८" ले तोकेको विधिअनुसार मूल्याङ्कन गरी छनोट गरिने छ । मूल्याङ्कनबाट उत्कृष्ट देखिएका पाँचवटा प्रस्ताव मात्र छनोट गरिने छ । छनोट भएका प्रस्तावकहरूले RMC Sukuna सँग सम्झौता गर्नु पर्नेछ ।
७. अनुसन्धान वापतको सेवा, सुविधा र प्रोत्साहन खर्च क्याम्पसले तोकेबमोजिम हुनेछ ।
८. प्रस्तुत सूचना प्रत्येक शिक्षक तथा कर्मचारीको इमेल, RMC Sukuna नामको मेसेन्जर ग्रुप, क्याम्पसको नोटिस बोर्ड र सबै विभागमा पठाइएको छ साथै क्याम्पसको वेवसाइटमा अपलोड गरिएको छ ।
९. आवश्यक जानकारीका लागि अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**बोधार्थ**

- कार्यक्रम संयोजक/प्रमुखहरू, विभागीय प्रमुखहरू, कार्यक्रम डाइरेक्टर, फोकल पर्सन र फाँट प्रमुखहरू (आ-आफ्ना कार्यक्रम, सत्र, विभाग र फाँटमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई माथिको बेहोरा जानकारी गराइदिनु हुन ।)

क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

E-mail: sukunamc2048@gmail.com
website: www.sukuna.edu.np
फोनः ०२१-५४७६१७, ०२१-५४७७१७, ९८५२०४५६१७